नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

राजविराज दैनिक

वर्ष ३१ अंक ५० २०७८ साल भदौं २९ गते मंगलबार (14 Sep. 2021 Tuesday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

लैङ्गिक हिंसा अन्त्यको प्रतिबद्धता:

व्यक्ति, परिवार र समाजको ऐक्यबद्धता ।

नेपाल सरकार
विज्ञापन बोर्ड

यस अंक भित्र : २ पृष्ठमा : हराएकामध्ये ८३ प्रतिशत ... ३ पृष्ठमा : अघि बढेन काठमाडौं-रक्सौल ... ३ पृष्ठमातालिवानले महिलालाई ...

सहिद दिलीप चौधरीको सम्झनामा सहिद स्मारक स्तम्भ निर्माण हुदै

दैनिक समाचारदाता राजविराज, २८ भदौं ।

सप्तरीको सप्तकोशी नगरपालिका ५ स्थित गंगाजलीमा सहिद दिलीप चौधरीको सम्झनामा सहिद स्मारक स्तम्भ निर्माण हुदैछ ।

स्थानियस्तरबाट जम्मा भएको करिब एक लाख रुँपैयाको लागतमा निर्माण हुन लागेको सहिद स्मारक स्तम्भको निर्माण कार्य सुरु भइसकेको लोसपाका नेता राजकुमार लेखीले जानकारी दिएका छन् ।

२०४७ सालमा निर्माण भएको दिलीप स्मृति प्रतिष्ठानको सक्रियतामा अभियानकै रुपमा सहिद दिलीप सभा भवन, फुटवल खेलमैदान समेत निर्माण गर्ने योजना रहेको नेता लेखीले बताए ।

स्मारक र सभा भवन निर्माणमा आर्थिक सहयोगका लागि प्रतिष्ठानले आह्वान समेत गरेको छ । भदौंको अन्तिम सम्ममा निर्माण कार्य सम्पन्न हुने तथा असोज २ गते आर्थिक सहयोग गर्नेहरुको विवरण समेत सार्वजनिक गरिने उनले जनाए ।

आउँदो कात्तिक ६ गते एक समारोहकाबीच स्मारक स्तम्भको उद्घाटन गरिने तथा सोही कार्यक्रममा दुई जना पत्रकारलाई दिलीप स्मृती पुरस्कार प्रदान गर्ने जनाउँदै उक्त पुरस्कारको राशी ११ हजार हुने प्रतिष्ठानले जनाएको छ ।

पञ्चायति व्यवस्था बिरुद्ध बि.स. २०४२ सालमा बम काण्डको आरोपमा काठमाडौंको ल-क्याम्पसबाट पक्राउ परेका चौधरीलाई पक्राउ गरे लगत्तै हत्या गरिएको थियो ।

वडाध्यक्षले कामै नगरी रकम हजम गरेको भन्दै अख्तियारमा उजुरी

दैनिक समाचारदाता राजविराज, २८ भदौ ।

सप्तरीको महदेवा गाउँपालिका वडा नं. १ का अध्यक्षले १८ लाख ५० हजार रकम कामै नगरी निकासा गरि हजम गरेको आरोप लगाइएको छ ।

आर्थिक वर्ष २०७७/०७८ मा वडा अध्यक्ष जयश्वर किशोर दासले विभिन्न शिर्षकमा कामै नगरि रकम निकासा गरेको भन्दै स्थानिय बिनोद यादवले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ईटहरीमा उजुरी समेत दिएका छन् ।

आ.व. २०७७/०७८ मा वडा नम्बर १ को वजेटबाट कमल पोखरीदेखि दिनाभद्रीसम्म ४ लाख ५० हजारको माटो र ग्राईभेल हाल्ने बजेटमा स्टिमेट अनुसार माटो पुर्नेकाम नगरेको, तार, पोल खरीद वापत ४ लाख, एलईडी बल्व, तार, होल्डर, स्वीच जडान वापत ४ लाख, ट्युवेल वितरणमा १ लाख, वडाको विभिन्न सडक मर्मत सम्भार वापत ५ लाखसहित १८ लाख ५० हजारको अनियमितता र भ्रष्टाचार गरेको आरोप लगाउँदै स्थानियवासी यादवले आयोगमा उजुरी दिएका संचारकर्मीलाई जानकारी दिएका छन् ।

कोभिड-१९ विरुद्धको खोप सरकारले नि:शुल्क लगाइरहेको छ ।

अबैध रुपमा खोप बेच्ने र किनेर लगाउने दुवैलाई प्रचलित कानुन बमोजिम कडा कारबाही हुनेछ ।
कोरोना विरुद्धको खोप बेचबिखन भएको थाहा पाउने जो कोहीले स्थानीय प्रशासन, प्रहरी कार्यालय, पालिका वा स्वास्थ्य कार्यालयमा यथार्थ जानकारी गराउनु हुन अनुरोध छ ।

बजारमा लुकिछिपी बेच्न राखिएका खोपहरु नक्कली हुन सक्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

V-JTA भेटनरी जे.टी.ए. १८ महिने

हाम्रा बिशेषताहरु –

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७८/५/२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७८/६/४

जगदम्बा मेडिकल इन्स्टिच्यूट

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

सम्पादकीय

अझै भएन खोला नदीको मर्मत सम्भार

हरेक वर्ष सप्तरीमा बाढीले ठूलै क्षति पुऱ्याइरहेको हुन्छ । तर, क्षति पुऱ्याउने कारण बारे कसैले केलाउन सकेका छैनन् । सप्तरी जहिले पनि बाढीको उच्च जोखिममै रहने जिल्ला हो । विभिन्न नदी, नालामा पानीको उच्च बहाव बढेपछि मानव बस्तीमा पानी पस्नाले डुवानमा पर्ने गर्दछ । खोला, नादीमा उच्च पानीको बहाव हुने मुख्य कारण हो मर्मत सम्भार र सरसफाई । नेपाल सरकारले नदीबाट बालुवा निकाल्न प्रतिबन्द्ध लगाएपछि खोला, नदीमा बालुवा थुप्रिदै जाँदा बहाव क्षेत्र साँघुरो हुँदै गएको छ । नदीमा बालुवा, गिटी भरिएपछि आफ्नो मुल प्रभाव क्षेत्रलाई छोडेर अन्य स्थानबाट पानीको बहावले बाटो बनाउँदा नदी फुट्ने गरेको देखिएको छ । यसप्रति निकायको चासो गएको देखिदैन् ।

जिल्लाको खाडो नदी त्यस्तो नदी हो जसबाट सामान्य वर्षामा पनि बाढी आउने सम्भावना रहन्छ । यो नदी नियन्त्रण, मर्मत, सरसफाईका लागि विगत सात वर्षदेखी प्रयास भइरहेको छ । तर, हालसम्म पनि यस प्रयास सफल हुन सकेको छैन् । हरेक वर्ष बजेट निकासा हुन्छ, तर पुरानै कामलाई कागजी प्रक्रिया अपनाएर रकम हजम हुने गरेको छ । जिल्लाको रुपनी गाउँपालिका हुँदै राजविराज नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, तिलाठी कोइलाडी गाउँपालिकासम्म खाँडो नदीको बग्ने गर्दछ र पछि तिलाठीबाट भारततर्फ सो नदीको धार परिवर्तन हुन्छ । यस्तो अवस्थामा खाँडोको अन्तिम गन्तब्य तिलाठी नै हो । बाढीको पानी पनि सबैभन्दा बढी तिलाठीमै जम्ने गर्दछ । हरेक वर्ष तिलाठी डुवान पर्नुको कारण पनि खाँडो नदी नै हो ।

तसर्थ विभिन्न नदी, खोलाको मर्मत सम्भार र उचित सरसफाई प्रति सम्बन्धीत निकायको ध्यान पुगोस् यसका लागि स्थानियस्तरबाट पनि जनदबाब सृजना गर्नु पर्ने आवश्यकता रहेको छ ।

हराएकामध्ये ८३ प्रतिशत बालबालिकाको परिवारमा पुनर्मिलन

काठमाडौँ, २८ भदौ (रासस) ।

गत आर्थिक वर्षमा हराएकामध्ये ८३ प्रतिशत बालबालिकालाई खोजी गरी परिवारमा पुनर्मिलन गराइएको छ ।

नेपाल सरकार, बालबालिका खोजतलास समन्वय केन्द्र (१०४) मार्फत् उक्त वर्षमा तीन हजार ६५८ बालबालिका हराएकामध्ये तीन हजार नौ जनालाई पुनर्मिलन गराइएको हो । सोही अवधिमा बेवारिसे फेला परेका १९७, सडक बालबालिका ३५५ र जोखिमपूर्ण कार्यमा संलग्न तथा सडकमा वस्तु विनिमयमा संलग्न ५८ बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गरिएको महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका प्रवक्ता उमेश ढुङ्गानाले जानकारी दिनुभयो । नभेटिएकामध्ये कतिपय बालबालिका सीमापारि छिमेकी भारत पुगेको हुनसक्ने र त्यहाँबाट खोजी र उद्धार गर्न कठिनाइ हुने गरेको छ ।

सो मन्त्रालय र मातहतको राष्ट्रिय बाल अधिकार परिषद्ले स्थानीय तह र नेपाल प्रहरी समेतको समन्वयमा बालअधिकार ऐनको कार्यान्वयन, बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गर्दै आएको छ ।

परिषद्को बालबालिका खोजतसाल केन्द्रले पछिल्लो समय यही भदौ १७ गते काठमाडौँको कलङ्कीबाट बेवारिसे सडक बाललिकालाई खोजी गरेर उद्धार र व्यवस्थापन गरेको थियो । यसरी उद्धार गरिएका १३ वर्षमाथिका बालबालिकालाई बौद्धस्थित शुभर रिकभरी, उपचार तथा पुनःस्थापना केन्द्र र १३ वर्षमुनिका बालबालिकालाई ललितपुरको बाल आवाज संस्थाको गृहमा संरक्षण गरिँदै आएको छ ।

केन्द्रले हराएको बालबालिकाको खोजी गरी परिवारको जिम्मा लगाउने र अभिभावक पत्ता नलागेकालाई संस्थामा राखेर पढाइ र पालनपोषणका लागि समन्वय गर्दै आएको खोजतलास केन्द्रका कार्यक्रम अधिकृत सन्तोष अधिकारीले बताउनुभयो । पैसा नलाग्ने फोन १०४ लाई काठमाडौँ उपत्यकाबाहेकका जिल्लामा परिषद्को सहयोगमा नेपाल प्रहरीको महिला, बालबालिका सेलले सञ्चालन गर्दै आएको छ ।

मन्त्रालयको आँकडाअनुसार विसं २०७३ वैशाखदेखि सुरु भएको 'सडक बालबालिका मुक्त नेपाल' अभियानबाट २०७८ असार मसान्तसम्ममा एक हजार ७८८ जना (बालकछ-१५३६, बालिका-२५२) सडक बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको छ ।

सडकबाट ८६८ बालबालिकालाई पारिवारिक पुनर्मिलन गरिएको, २१४ लाई विभिन्न सीपमूलक तालिममा पठाइएको र ५९ जना तालिम पूरा गरी सीपमूलक कार्यमा संलग्न रहेको, ५० बालबालिकाको परिवार तथा अभिभावक नभेटिएकाले दीर्घकालीन संरक्षणका लागि वैकल्पिक स्याहारमा पठाइएको छ । परिषद्का कार्यकारी निर्देशक मिलन धरेलले उद्धार गरिएका बालबालिकामध्ये १८८ बालबालिकाले १८ वर्ष पूरा गरी स्वावलम्बी भएको रहेको बताउनुभयो ।

मुलुकमा पछिल्लो समयमा १८ वटा बालहेल्पलाइन सेवा केन्द्र र बालबालिका खोजतलास समन्वय केन्द्रमा कोभिड-१९ हेल्प डेस्क सञ्चालन भएको छ । यी हेल्पडेस्कबाट गत आर्थिक वर्षमा तीनहजार ५७ बालबालिकाले सहयोग लिएको छन् । परिषद्ले बाल हेल्पलाइन (१०९८) को थालनी गरी जोखिमपूर्ण अवस्थामा रहेका र तत्काल उद्धारको आवश्यकता भएका ७१६ बालबालिकाको उद्धार संरक्षण र व्यवस्थापन गरेको छ भने १० हजार ३६८ जना बालबालिकालाई बाल हेल्पलाइन सेवा प्रदान गरेको छ ।

कोभिड १९ मा बालबालिकाको संरक्षण

सरकारले कोभिड-१९ लक्षित सचेतना सामग्रीको निर्माण गरी दुई लाख ६० हजारभन्दा बढीमा पहुँच पुगेको जनाएको छ भने सातै प्रदेशका ५४२ स्थानीय तहका ६१२ जनाको सहभागितामा कोभिड-१९ मा बालबालिका केन्द्रित सेवा प्रवाहमा स्थानीय तहको भूमिका तथा तयारीसम्बन्धी भर्चुअल माध्यमबाट अन्तर्क्रिया गराएको छ ।

बालबालिकालाई कोभिड-१९ बाट संरक्षणका लागि ७५३ वटै स्थानीय तहलाई मन्त्रालयले अनुरोधपत्र पठाइएको छ । मुलुकमा ६० जिल्लाका १८० कोभिड सङ्कट बालबालिका सहायता स्वयंसेवी समूह परिचालन गरिएको छ भने २८ वटा अस्थायी संरक्षण सेवा केन्द्रका लागि आवश्यक न्यूनतम स्वास्थ्य सामग्री सहयोग गरिएको छ । नेपाल बाल सङ्गठनको हातामा १० शचया भएको बालमैत्री क्वारेन्टिन स्थल सञ्चालनका लागि सहयोग उपलब्ध गराइएको छ भने ४५७ वटा बालगृहमा रहेका ११ हजार ३३२ बालबालिकाको अवस्था अनुगमन, समन्वय र सहजीकरण भएको छ । कोभिड-१९ बाट अभिभावकविहीन भएका ३० वटा स्थानीय तहबाट २०२ जना बालबालिकाको संरक्षण प्रक्रियाको सुरुआत गरिएको प्रवक्ता ढुङ्गानाले जानकारी दिनुभयो ।

राष्ट्रिय बाल दिवस मनाइँदै

'सामान्य अवस्था वा कोभिड महामारी : बाल अधिकार संरक्षण हामी सबैको जिम्मेवारी' भन्ने नाराका साथ यही भदौ २९ गते प्रधानमन्त्री शेरबहादुर देउवाट भर्चुअलरुपमा शुभारम्भ गरिने ५७ औँ राष्ट्रिय बाल दिवस २०७८ का अवसरमा मनाइने बालअधिकारका क्षेत्रमा भएका प्रयास र उपलब्धिको समीक्षा हुँदैछ ।

दिवसकै अवसर पारेर सडक बालबालिकामुक्त राष्ट्र नेपाल बनाउने अभियानअन्तर्गत सडकदेखि रङ्गशालासम्म कार्यक्रम, बालअधिकार परिषद् र नेपाल रग्वी एसोशियसनले सडक बालबालिकालाई रग्वी प्रशिक्षण कार्यक्रमको शुभारम्भ गरिनेछ ।

उक्त प्रशिक्षणमा ४० जना सडकबाट उद्धार तथा संरक्षण व्यवस्थापन गरिएका बालबालिकाको सहभागिता रहनेछ । विभिन्न संस्थाको सहकार्यमा सातै प्रदेशमा बालबालिकामा कोभिडले परेको प्रभाव र समाधानका उपायका विषयमा सिर्जनात्मक अभिव्यक्ति प्रस्तुत गर्ने कार्यक्रम पनि राखिएको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

अघि बढेन काठमाडौँ-रक्सौल रेलमार्ग

काठमाडौँ, २८ भदौ (रासस)।

काठमाडौँ रक्सौल रेलमार्गको प्रारम्भिक अध्ययन भएको तीन वर्ष बिते पनि निर्माणका लागि प्रक्रिया अघि बढ्न सकेको छैन।

सङ्घीय राजधानीलाई भारतको विहार राज्यको रक्सौलसँग जोड्ने गरी रेलमार्ग निर्माण गर्ने योजना बनाएर अध्ययन भए पनि दुई देशबीचमा सम्झौता हुन बाँकी हुँदा थप अध्ययन भएर निर्माणमा जान नसकेको हो। सरकार र भारत सरकारबीच सम्झौतापत्र (एमओयु) मा हस्ताक्षर गरेपछि मात्रै प्रक्रिया अघि बढ्ने रेल विभागका महानिर्देशक दिपक भट्टराइले बताउनुभयो। सो सम्बनधी पत्र तयार पनि भइसकेको छ।

उहाँले भन्नुभयो, "समय मिलाएर दुई देशका बीचमा हस्ताक्षर गर्न मात्रै बाँकी छ।" भारतीय पक्षले सन् २०१८ मा प्रारम्भिक (प्रिलिमनरी इन्जिनीयरिङ एण्ड ट्राफिक सर्वे) अध्ययन सकाएको महानिर्देशक भट्टराइले बताउनुभयो। पहिलो चरणको काम भए पनि अझै महत्वपूर्ण काम बाँकी रहेको उहाँले बताउनुभयो। अब हुने विस्तृत अध्ययनमा 'फाइनल लोकेसन सर्वेक्षण' हुनेछ। उहाँले भन्नुभयो, "त्यसका लागि पहिले दुई देशका बीचमा समझदारीपत्रमा हस्ताक्षर हुनुपर्छ।" झण्डै दुई महिनादेखि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा नेतृत्व नभएकाले पनि तत्काल केही गर्न सकिने अवस्था नभएको विभागले जनाएको छ।

सो रेलमार्गको लम्बाई झण्डै १३५ किमी हुने प्रारम्भिक अध्ययनका क्रममा देखिएको छ। रेलमार्ग निर्माणमा कति लगानी लाग्ने भनी यकीन नभएको महानिर्देशक भट्टराइले बताउनुभयो। विस्तृत अध्ययन हुँदा नै पहिले त्यसमा लाग्ने लगानी यकीन हुने र त्यसकै आधारमा कहाँबाट व्यवस्थापन गर्ने भन्ने छलफल हुने उहाँले बताउनुभयो।

लगानीका विषयमा कसले कति र कसरी गर्ने भन्ने स्पष्ट भइसकेको छैन। लगानी यकीन आएपछि त्यसकै आधारमा भारत सरकारलाई भन्ने कि अरु दातृ निकायलाई भन्ने भन्ने कुरा अघि बढ्नेछ। उहाँले भन्नुभयो, "अहिले अन्तिम अध्ययन गरेपछि प्रतिवेदनले जे जे भन्छ त्यसका आधारमा अघि बढिनेछ।"

रेलमार्ग निर्माण गर्दा ब्रोड गेजमा गर्ने उल्लेख छ। भारत सरकारले निर्माण गरिरहेका दुई देश जोड्ने अरु रेलमार्ग पनि ब्रोड गेजमा नै निर्माण भएको थियो। दुई देश जोड्ने सो रेलमार्ग निर्माण भएर रेल सञ्चालनमा आएपछि भारतबाट आयात हुने सामान सीमासम्म ल्याउन र त्यहाँबाट सङ्घीय राजधानीसम्म लाग्ने लागत कम हुने अपेक्षा गरिएको छ। भारतबाट आयात हुने सामानको ठूलो हिस्सा वीरगञ्जबाट आउने र त्यो सामानमध्ये काठमाडौँमा आइपुग्ने धेरै भएकाले पनि लागत कम हुनेछ। आयातका लागि कम लागत हुँदा त्यसले सामानको समेत मूल्य पनि घट्न जाने अपेक्षा गरिएको छ।

सरकारले आफ्नै लगानीमा पूर्व-पश्चिम विद्युतीय रेलमार्ग अघि बढाइरहेको छ भने छिमेकी देशसँग जोडिने गरी रेलमार्गको कतै अध्ययन र कतै निर्माण अघि बढाइएको छ। सन् २०१२ मा भारत सरकारसँग दुई देशको सीमा जिल्ला जोड्ने गरी पाँच ठाउँमा रेलमार्ग निर्माण गर्ने सहमति भएको थियो। भारत सरकारको अनुदान सहयोगमा पाँच स्थानमा रेल निर्माण गर्ने भनिए पनि एउटा स्यो र अर्को बथनाहादेखि विराटनगरको रेलमार्गमा मात्रै निर्माण भइरहेको छ। बथनाहादेखि विराटनगरमा १८ किमीमध्ये १० किमी निर्माण भइसकेको छ। अरु तीन स्थानमा भने सुरु नै हुन सकेको छैन। नेपालमा राणाकालमै विसं १९८४ तिर भारतको रक्सौलदेखि नेपालको अमलेखगञ्ज तथा विसं १९९४ तिर जयनगरदेखि जनकपुरसम्म रेलसेवा थियो। त्यो बन्द भएको लामो समयपछि त्योभन्दा नयाँ प्रविधिको रेलमार्ग निर्माण गरिएको छ।

जयनगर-कुर्था रेल सञ्चालनकै लागि सरकारले गत वर्ष असोज २ मा दुई सेट रेल खरिद गरेको थियो। रेल सञ्चालनका लागि जनशक्ति, कार्यालयलगायत तयारी भएको थियो। सो खण्डमा पनि सेवा शुरु भइसकेको छैन। कुर्थाबाट जयनगरसम्मको रेलमार्गको निर्माण झण्डै दुई वर्ष पहिले नै सकिएको थियो।

निपाह भाइरस रोगप्रति सचेत रहन मन्त्रालयको आग्रह

काठमाडौँ, २८ भदौ (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निपाह भाइरसको सङ्क्रमणप्रति सचेत रहन आग्रह गरेको छ।

मन्त्रालयले भारतमा यस प्रकारको भाइरसको सङ्क्रमण देखिएकाले नेपालमा पनि फैलिन सक्ने भएकोले सचेत रहन आग्रह गरेको हो। मन्त्रालयका प्रवक्ता डा कृष्णप्रसाद पौडेलले भारतसँग खुला सिमा भएकाले यहाँ पनि फैलिनसक्ने भएकाले सचेत रहन आग्रह गरिएको बताउनुभयो। भारतको केरला राज्यमा केही दिनदेखि निपाह भाइरसको सङ्क्रमण देखिएको छ।

उहाँका अनुसार नेपालमा अहिलेसम्म उक्त भाइरसका सङ्क्रमित फेला परेका छैनन्। निपाह भाइरस एक प्रकारको पशुबाट मानिसमा सर्ने गम्भीर प्रकृतिको रोग लाग्ने भाइरस हो। यस भाइरस प्राकृतिकरुपमा 'फ्रूट ब्याट' भन्ने प्रजातिको चमेरामा पाइन्छ।

निपाह भाइरस जनावरबाट जनावर, जनावरबाट मानिस र मानिसबाट मानिसमा सर्ने गर्दछ। सङ्क्रमित चमेराबाट सुँगुर, गाई, गोरु जस्ता जनावर हुँदै मानिसमा सर्ने गर्दछ। यस्तै सङ्क्रमित पशुको संसर्गमा आएको फलफूल प्रयोग गरेमा, सङ्क्रमित व्यक्तिको रगत, दिसा र पिसावसँग प्रत्यक्ष सम्पर्कमा आएमा पनि निपाह भाइरस सर्ने गर्दछ।

उक्त भाइरसका लक्षण ज्वरो आउने, रिङ्गटा लाग्ने, टाउको दुख्ने, मांसपेशी दुख्ने, वाकवाकी लाग्ने, श्वासप्रश्वासमा कठिनाइ हुने र टन्सिलाइटिस देखिने गर्दछ। यो रोग बढी सङ्क्रामक पनि हुने गरेको छ।

निपाह भाइरसबाट बच्नका लागि फलफूल राम्रोसँग पखालेर मात्र खाने, तरकारी सकेसम्म पकाएर खाने, गाइबस्तुको गोठ र फार्म सफा राख्ने, मासु काट्दा र पकाउँदा पञ्जा र मास्कको प्रयोग गर्ने, सकेसम्म पानी उमालेर मात्र पिउने, बेलाबेलामा साबुनपानीले हात धुने, भीडभाडमा जाँदा मास्क लगाउने गर्नुपर्दछ।

बाँकी अन्तिम पृष्ठमा

विश्व समाचार

तालिवानले महिलालाई पढ्न दिने, पुरुषसँग एउटै कक्षामा बस्न भने नदिने

काबुल, २८ भदौ (रासस/एएफपी)।

अफगानिस्तानमा तालिवानी समूहले छात्रालाई पनि अध्ययनका लागि विश्वविद्यालय जान अनुमति दिने निर्णय गरेको छ।

तालिवानको सत्ता आएपछि छात्रालाई विश्वविद्यालय जान प्रतिवन्ध लगाउने आशंकाकाबीच उनीहरुले विश्वविद्यालय जान दिने बताएका हुन्।

तर एउटै कोठामा छात्रा र छात्रलाई सँगै राख्न भने नपाइने तालिवान सरकारका उच्च अधिकारीहरुले जनाएका छन्।

विश्वविद्यालयहरुमा महिलालाई पुरुषहरुभन्दा छुट्टै राख्न तालिवान सरकारका नयाँ शिक्षा मन्त्रीले निर्देशन दिनुभएको छ।

विश्वविद्यालयमा छात्रालाई पनि जान दिने निर्णयलाई तालिवानको यसअघि सन् १९९६ देखि २००१ सम्मको शासन व्यवस्थाभन्दा लचक हुने संकेतका रुपमा लिइएको छ।

अघिल्लो शासनकालमा अफगानिस्तानमा महिला र बालिकाहरूलाई विद्यालय र विश्वविद्यालयमा जान प्रतिबन्ध लगाइएको थियो।

विश्वविद्यालयहरूलाई लिङ्गका आधारमा पोसाकसम्बन्धी नयाँ नियम लागु पनि गरिने तालिबानले जनाएको छ।

उच्च शिक्षासम्बन्धी मन्त्री अब्दुल बाकी हक्कानीले विद्यार्थीहरूलाई अध्यापन गराइने विषयहरूको समीक्षा गरिने पनि जानकारी दिनुभयो।

तालिबानले महिलाहरूलाई शिक्षा र रोजगारीमा प्रतिबन्ध नलगाउने जनाएको छ। तर गत अगस्ट १५ मा सत्ता आफ्नो हातमा लिएसँगै तालिबानले सुरक्षा अवस्थामा सुधार नआएसम्म स्वास्थ्यकर्मीबाहेक अन्य महिलालाई कामबाट टाढै बस्न निर्देशन दिएको छ।

तालिवानको अघिल्लो पटकको आफ्नै शासनकालमा भन्दा केही लचक भएपनि निवर्तमान सरकारभन्दा अहिलेको सरकार कठोर देखिएको छ।

तालिबानले झण्डै एक महिनाअघि निर्वाचित सरकारलाई अपदस्थ गरी सत्ता कब्जा गरेको थियो। प्रदेश राजधानीहरु कब्जा गर्दै केन्द्रीय राजधानी कब्जा गर्न लागेपछि तत्कालिन राष्ट्रपति अशरफ घानीले देश छोडेर भागेपछि सत्ता तालिवानको हातमा आएको हो।

उनीहरुले अहिले कामचलाउ सरकार बनाएका छन् भने अरु धेरै कामहरुमा अन्यौल देखिएको छ।

भारतमा दैनिक सङ्क्रमितको सङ्ख्या फेरि घट्यो

नयाँ दिल्ली, २८ भदौ (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितहरुको सङ्ख्यामा फेरि कमी आएको छ।

पछिल्ला केही दिनदेखि दैनिक सङ्क्रमितहरुको सङ्ख्यामा लगातार कमी हुदै आएको सरकारी अधिकारीहरुले जानकारी दिएका छन्।

केन्द्रीय स्वास्थ्य मन्त्रालयले सोमबार बिहान सार्वजनिक गरेको विवरणअनुसार भारतमा पछिल्लो २४ घण्टामा २७ हजार २५४ जना नयाँ सङ्क्रमित थपिएका छन्।

अघिल्लो दिन सार्वजनिक गरिएको विवरणमा भने २८ हजार ५९१ जना नयाँ सङ्क्रमितहरु थपिएको उल्लेख गरिएको थियो।

त्योभन्दा अघिल्लो दिन शनिबार बिहान भारतमा कोरोनाभाइरसबाट एक दिनमा थप ३३ हजार ३७६ जना सङ्क्रमित थपिएको तथ्याङ्क सार्वजनिक गरिएको थियो। त्यसदिन नयाँ थपिएका सङ्क्रमित मध्ये २५ हजार १० जना केरलाका मात्रै रहेका थिए।

भारतमा सोमबार बिहानसम्ममा कुल सङ्क्रमितहरुको सङ्ख्या तीन करोड ३२ लाख ६४ हजार १७५ पुगेको मन्त्रालयले जनाएको छ।

नयाँ सङ्क्रमित मध्ये केरलामा धेरै रहेका छन्। पछिल्लो २४ घण्टामा केरलामा मात्रै २० हजार २४० जना नयाँ सङ्क्रमित थपिएका हुन।

भारतमा सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्यामा पनि धेरै कमी आएको छ। भारतमा अहिले तीन लाख ७४ हजार २६९ जना सङ्क्रमित अवस्थामै रहेको मन्त्रालयले जनाएको छ। यो सङ्ख्या ८० दिनपछिकै सवैभन्दा कम भएको पनि अधिकारीहरुले बताएका छन्।

दैनिक नयाँ सङ्क्रमितहरुको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या बढी भएकाले सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्यामा कमी आएको हो।

पछिल्लो २४ घण्टामा २७ हजारभन्दा बढी नयाँ सङ्क्रमित थपिँदा ३७ हजारभन्दा बढी सङ्क्रमितहरु घटेका छन्। सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या र नयाँ थपिने सङ्क्रमितको सङ्ख्या १० हजारभन्दा बढी फरक परेको छ।

भारतमा अहिलेसम्म कुल तीन करोड २४ लाख ४७ हजार ३२ जना सङ्क्रमणमुक्त भएका छन् भने चार लाख ४२ हजार ८७४ जनाको मृत्यु भएको छ। ती मध्ये पछिल्लो २४ घण्टामा २१९ जनाको मृत्यु भएको हो। भारतमा कोरोनाभाइरसका कारण दैनिक मृत्यु भएकाहरुको सङ्ख्यामा पनि कमी आएको छ। अघिल्लो दिन ३३८ जनाको मृत्यु भएको थियो।

आठ सय छात्र/छात्रालाई शैक्षिक सामग्रीसहित ब्याग बितरण

दैनिक समाचारदाता
राजविराज, २८ भदौं ।

आधारभुत शिक्षा कार्यक्रम अन्तरगत बिभिन्न गाउँपालिका र नगरपालिकाको बिद्यालयमा अध्यनरत करिब आठ सय छात्र/छात्राहरुलाई शैक्षिक सामाग्री बितरण गरिएको छ ।

सेभ द सप्तरी तथा सेभ द चिल्ड्रेनको सहयोगमा संचालित समुन्नति कार्यक्रम अर्न्तगत जिल्लाको तिलाठी कोइलाडी, बिष्णुपुर, छिन्नमस्ता गाउँपालिका तथा राजविराज नगरपालिकाको वडा नं. १, ५, १४, १५ र १६ का बिपन्न तथा जेहेन्दार छात्र/छात्राहरुलाई शैक्षिक सामग्रीसहित स्कुल जाने ब्याग बितरण गरिएको सेभ द सप्तरीका फिल्ड अधिकृत दुगानन्द शर्माले बताए ।

जिल्लाको तिलाठी कोइलाडी, बिष्णुपुर, छिन्नमस्ता गाउँपालिका तथा राजविराज नगरपालिकामा कार्यक्रमहरुको आयोजना गरि सो शैक्षिक सामाग्री बितरण गरिएको जनाइएको छ ।

उक्त गाउँपालिका र नगरपालिकाका कक्षा १ देखि ५ सम्म अध्यनरत छात्र/छात्राहरुलाई करिब ८०० पिस स्कुल ब्याग, कपी, डटपेन, इरेजर, कटर लगायतका शौक्षिक सामग्री प्रदान गरिएको अर्का फिल्ड अधिकृत मुकेश कुमार मंडलले जानकारी दिए ।

निपाह भाइरस ...

मन्त्रालयका प्रवक्ता डा पौडेलका अनुसार उक्त भाइरसबाट ४५ देखि ७५ प्रतिशत मानिसमा मृत्यु हुने जोखिम रहेको छ । विश्वस्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले निपाह भाइरसबाट सर्ने रोगलाई विश्वको १० प्राणघातक रोगमध्ये एक मानेको छ ।

उहाँले रोगको लक्षण देखिएमा उपचार गरिने बताउनुभयो । सङ्क्रमणको लक्षण देखिनासाथ नजिकै स्वास्थ्य संस्थामा उपचार गराउन मन्त्रालयले आग्रह गरेको छ ।

लागूऔषधसहित तीन पक्राउ

दैनिक समाचारदाता
सुनसरी, २८ भदौं ।

सुनसरीको कोशी गाउँपालिका ८ कोशी कटानबाट प्रहरीले लागूऔषध सहित तीन जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरी हनुमाननगर कंकालिनी नगरपालिका ७ का २१ बर्षीय सुरज ठाकुर, भारतको बिहार राज्यस्थित सुपौल जिल्ला भगवानपुर पंञ्चायत सम्दाहा गडी १२ का २२ बर्षीय अवधेष कुमार मण्डल र २५ बर्षीय रोशन मण्डल छन् ।

आइतबार दिउँसो जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई लागूऔषध डाईलेक्स डी.सी. ६० बोतल, स्पास्मोप्रोक्सीभन १००८ क्याप्सुल र भारतिय नगद रु. २० हजार सहित पक्राउ गरेको हो ।

पक्राउ परेका तीनैजना उपर लागुऔषध नियन्त्रण ऐन २०३३ बमोजिमको कारवाही अगाडी वढाईएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

सूचना ! ॐ सूचना !!!

राजविराज नगरपालिका वडा नं. १ हाल ७ स्थित ऐतिहासिक महत्वको रूपमा रहेको श्री हरिनन्देश्वर महादेव मन्दिरको धार्मिक सदवर्त कायम राख्दै दैनिक पूजा अर्चना एवम् संरक्षण सम्वर्द्धन तथा ब्यवस्थापनको कार्य अघि बढाउन आवश्यक छलफल एवम् निर्णय गर्न परेकोले सम्पूर्ण हिन्दूधर्मावलम्वी, समाजसेवी, वुद्धिजिवी, नागरिक समाज एवम् नगरवासीमा उपस्थितिको लागि अनुरोध गर्दछु ।

स्थान : राजविराज न.पा. वडा नं. ७ को कार्यालय
समय : विहान ८:४५ बजे
मिति : २०७८/०६/०२ गते शनिबार



नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*